

# ६ यो जस्तो महान राष्ट्र अरू कहाँ छ त?

***यस अध्यायका मूल पदहरू:*** व्यवस्था ४:१-९, मत्ती १५:१-९, गन्ती २५:१-१५, १ कोरन्थी १०:१३, व्यवस्था ४:३२-३५ र मत्ती ५:१३-१६।

***यस अध्यायको मूल सार पद:*** **"मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् राष्ट्र छ? "** (व्यवस्था ४:८) ।

व्यवस्थाको पुस्तकको पहिला तीन अध्यायहरू खास गरेर ऐतिहासिक पाठहरू थिए जुन इस्राएलीहरूलाई मोशाले सुनाएका थिए। अहिलेसम्म तिनीहरू कुन गतिमा हिँडेका थिए भनेर उनले तिनीहरूलाई सुनाएका थिए। जब व्यवस्थाको पुस्तकको चौथो अध्यायमा हामी पुग्छौं तब इतिहासबाट अघि बढ्दै प्रायजसो प्रवचनतिर लागेको पाइन्छ। जब इस्राएलीहरूलाई इतिहास सुनाए तब त्यो इतिहास केवल झारा तार्नेमात्र थिएन; त्यसको लक्ष्य थियो। तिनीहरूको बीचमा परमेश्वरको शक्ति र अनुग्रहले कसरी काम गरिरहेको थियो सो देखाइएको थियो। ती इस्राएलीहरूले परमेश्वरसँगको सम्बन्धमा तलमाथि गरेतापनि आफूले तिनीहरूसँग गरिएको करारको गरिमालाई कायम राख्ने वा सम्मान गर्ने उहाँको प्रतिवद्धता अझै थियो।

अध्याय ४ हिब्रू भाषाको शब्द आट्टाह *attah* जसलाई "र अहिले" वा "त्यसकारण अहिले" भनेर अनुवाद गर्न सकिन्छ। व्याकरणको अनुसार संयोजन र विशेषण शब्दहरू हुन्। अहिलेसम्म परमेश्वरले तिनीहरूको माझमा के के काम गर्नुभएर तिनीहरूलाई ल्याइपुऱ्याउनुभयो भनेर मोशाले समिक्षा गरेका थिए। त्यसकारण अब त्यसको जवाफमा परमेश्वरले भन्नुभएको वचनहरूलाई (व्यवस्था १०:१२) पालन गर्न तिनीहरूलाई मोशाले आग्रह गरेका थिए।

त्यसैकारणले "अब अहिले" भन्ने शब्द प्रयोग गरेपछि पहिलो क्रियापद शामा shama देखा पर्दछ। यो प्रार्थनाको सुरुमा यही शब्द शामाको शेमालाई (shema) प्रयोग गर्दछ। त्यसको अर्थ "सुन्नु", "ध्यान दिएर कान थाप" वा "पालन गर" हो। यो क्रियापद "सुन्" व्यवस्थाको पुस्तकभरि जताततै छरिएको छ।

त्यसकारण, यो चौथो अध्याय यसरी सुरु हुन्छः त्यसकारण अहिले, हे इस्राएल, मैले तिमीहरूले जे गरें त्यसले गर्दा तिमीहरूले देहायका वचनहरू पालन गरेर आज्ञापालक होऊ...।

## १. केही कुरा न थप र नझिक वा संसोधन नगर पनि

**व्यवस्था ४:१,२ पढ्नुहोस्। परमेश्वरका विधिविधान र न्यायहरू तिनीहरूलाई सुम्पिएको सन्दर्भमा तिनीहरूलाई के चेतावनी दिइएको थियो? यो चेतावनी तिनीहरूलाई किन तुरन्तै दिइयो? " १ अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ। ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पितापुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ। २ मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ़ नगर्नू, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरू पालन गर्नू।" व्यवस्था १२:३२ पनि पढ्नुहोस्, "जे-जति कुराको आज्ञा मैले तिमीहरूलाई दिएको छु ती पालन गर, र तिनीहरूमा केही घटबढ़ नगर।" (अङ्ग्रेजी अनुवादमा विधिविधानमात्र उल्लेख गरिएको छैन त जजमेन्टस् अर्थात् न्यायप्रणालीहरू भन्ने शब्द पनि छ जुन नेपाली बाइबलमा उल्लेख गरिएको देखिन्दैन-अनुवादक)।**

परमेश्वरका विधिविधान र न्यायप्रणालीहरूलाई मान र त्यसलाई केही थपघट नगर्नु भनेर उहाँले तिनीहरूलाई भन्नुभएको थियो। उहाँले त्यो किन भन्नुभयो होला? परमेश्वरको व्यवस्थालाई कसैले किन परिवर्तन गर्न चाहन्छ वा आँट गर्न खोज्छ र?

**त्यसको जवाफ हामीलाई थाहा छ, छैन त?**

"आफूले स्वर्गमा सुरु गरेको परमेश्वरको विधान वा व्यवस्थालाई परिबर्तन गर्ने प्रयास यस संसारमा पनि त्यही गर्न सैतान लगनशील हुँदै नथाकिकन लागिरहेको छ। परमेश्वरको व्यवस्था कमजोर छ र त्यसलाई संशोधन गर्नुपर्छ भनेर सैतानले स्वर्गमा प्रस्तुत गरेको प्रस्ताब त्यहाँ असफल

भएतापनि मानव जगतबाट उसले सफल पाएको थियो। इसाई चर्च हौं भनेर दाबी गर्ने अधिकांश चर्चहरूले सैतानको त्यो गलत धारणालाई अनुमोदन गरेका छन्। त्यो अनुमोदन शब्दहरूले व्यक्त नगरेतापनि तिनीहरूको मनस्थितिले देखाइरहेको छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक २, पृ. १०७बाट रूपान्तरित।

इस्राएलीहरूको इतिहासको बारेमा सोच्नुहोस्। तिनीहरू धेरै पल्ट झन्झट र कठिनाइमा परेको हामी देख्दछौं। किनभने तिनीहरूले व्यवस्थाका कुनै विधिविधानहरूलाईमात्र वेवास्ता गरेका थिएनन् जुन सबैको निम्ति व्यवहारिक थिए तिनीहरूले तिनीहरूबाट कतिपय नीयमहरू निकालेका थिए। अनि धार्मिक अगुवाहरूले आफूखुशी थपेका पनि थिए। त्यसको अर्थ परमेश्वरले नदिनुभएको वा प्रस्ताव नगर्नुभएको विधिविधानहरूमा थपघट गरेका थिए जसको फलस्वरूप परमेश्वरका विधिविधान वा व्यवस्थालाई तोड्न मानिसहरूलाई सजिलो भएको थियो।

**मोशाले अर्कै सन्दर्भमा चेतावनी दिएतापनि मत्ती १५:१-९ पढ्नुहोस् जहाँ उनले दिएको चेतावनी वा शिक्षालाई धर्मगुरुहरूले कसरी वेवास्ता गरे भनेर औंल्याइएको छ? हेर्नुहोस्, " १ यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए, र भने, २ "तपाईंका चेलाहरूले पुर्खाहरूको परम्परा किन भङ्ग गर्दछन्? किनकि तिनीहरू खान अघि आफ्ना हात धुँदैनन्।" ३ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू पनि किन आफ्ना परम्पराको खातिर परमेश्वरका आज्ञा भङ्ग गर्दछौ? ४ किनभने परमेश्वरले भन्नुभएको छ, 'आफ्ना बुबा र आमाको आदर गर, र बुबा वा आमाको विरुद्धमा दुष्ट कुरा जसले बोल्छ, त्योचाहिँ निश्चय मारिनुपर्छ। ५ तर तिमीहरूचाहिँ भन्दछौ, जसले आफ्ना बुबा वा आमालाई भन्छ, 'तपाईंले मबाट जे प्राप्त गर्न सक्नुहुन्थ्यो, सो परमेश्वरलाई चढ़ाइएको छ,÷ त्यसले आफ्ना बाबुको आदर गर्नुपर्दैन। ६ यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ। ७ ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, ८ 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। ९ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।"**

जब इस्राएलीहरू आखिरमा तिनीहरूलाई प्रतिज्ञा गरिएको देशलाई कब्जा गरे तब तिनीहरूलाई सिधै दिएका कतिपय चेतावनीहरूलाई लत्याएका थिए, उदाहरणमा मूर्तिपूजा, बालनरबली आदि। त्यसको फलस्वरूप तिनीहरूले

तिनीहरूका वरिपरि रहेका परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूका धेरै रीतिथिति, चालचलन, धर्म र संस्कारहरूलाई इस्राएली समाजमा भित्राएका थिए। तिनीहरूले यह्वेकै नाउँमा वा धर्मको नाउँमा पनि ती अवैध संस्कारहरू मान्न थालेका थिए। जब येशूको समयसम्म आइपुग्यो तब तिनीहरूले धेरै परम्पराहरू थपिसकेका थिए। त्यसैकारण येशू आक्रोशित भएर भन्नुभयो, "तिमीहरू परम्पराको नाउमा परमेश्वरको आज्ञालाई निश्क्रिय बनाइरहेका छौ।"

जे भएतापनि यहूदी राष्ट्रले परमेश्वरको व्यवस्थालाई थपघट गरेर परिवर्तन गर्दा पूरै राष्ट्र वा यहूदी जाति नै जोखिममा परेको थियो। **परमेश्वरले हामीलाई जे भन्नुभयो त्यसबाट हामीले पनि थपघट नगर्न कसरी सतर्क हुने?**

## २. बाल पोर

व्यवस्था ४:३,४मा इस्राएलीहरूलाई फेरि अलिकति इतिहासबाट पाठ सिकाउँछन्। विगतको समयलाई जानेर बर्तमान समयमा आत्मिक र व्यवहारिक सत्यहरू जान्न तिनीहरूलाई इतिहासबाट पाठ सिकाइएको थियो।

**गन्ती २५:१-१५ पढ्नुहोस्। त्यहाँ के भयो? त्यहाँ भएको हास्यास्पद असफलताबाट मानिसहरूले के आत्मिक र व्यवहारिक सत्यहरूलाई सिक्नुपर्थ्यो? हेर्नुहोस्, "१ इस्राएलीहरू शित्तीममा हुँदा मानिसहरूले मोआबका छोरीहरूसँग व्यभिचार गर्न लागे। २ तिनीहरूले यी मानिसहरूलाई तिनका देवताहरूका बलिदानमा निम्तो दिए, र यी मानिसहरूले खाएर तिनका देवताहरूलाई दण्डवत् गरे। ३ यसरी इस्राएलीहरू पोरको बाल देवतालाई पुज्न लागे। अनि इस्राएलीहरूसित परमप्रभु रिसाउनुभयो।**

**४ परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूका सबै नायकहरूलाई लिएर मार् र परमप्रभुकै सामुन्ने चर्को घाममा राखिदे, कि परमप्रभुको भयानक क्रोध इस्राएलीहरूबाट हटोस्।" ५ मोशाले इस्राएलका न्यायकर्ताहरूलाई भने, "तिमीहरू हरेकले पोरको बाल देवतालाई पुज्ने सबै मानिसहरूलाई मार्नुपर्छ।" ६ इस्राएलीहरू भेट हुने पालको ढोकामा रोइरहेका थिए। त्यस बेला एउटा इस्राएलीले मोशा र इस्राएली समुदायकै सामुन्ने आफ्नो परिवारमा एउटी मिद्यानी आइमाईलाई ल्यायो। ७ जब एलाजारको छोरा, हारूनका नाति पीनहासले त्यो देखे, तब तिनले समुदायको मध्यबाट उठेर आफ्नो हातमा एउटा भाला लिएर ८ त्यस इस्राएलीको पछिपछि पालभित्र गएर त्यस इस्राएली र त्यस आइमाई दुवैलाई वारपार रोपिदिए। त्यसपछि**

**इस्राएलीहरूबाट त्यो विपत्ति हट्यो। ९ तर विपत्तिमा मर्नेहरू चौबीस हजार थिए। १० तब परमप्रभुले मोशालाई भन्नुभयो, ११ "एलाजारको छोरो, पूजाहारी हारूनको नाति पीनहासले इस्राएलीहरूका बीचमा मेरो खातिर रौंकिएर इस्राएलीहरूबाट मेरो क्रोध हटाइदियो। यसैले मेरो क्रोधमा मैले तिनीहरूलाई भस्म पारिनँ। १२ यसकारण यसो भन्, 'हेर्, म त्यससँग मेरो शान्तिको करार बाँध्छु। १३ त्यसलाई र त्यसको वंशलाई पनि सधैंको लागि पूजाहारीपदमा स्थिर गरिनेछन्, किनभने त्यो आफ्ना परमेश्वरको निम्ति जोशिलो थियो। त्यसले इस्राएलीहरूका निम्ति प्रायश्चित गर्‍यो÷।" १४ त्यस मिद्यानी आइमाईको साथमा मारिने इस्राएलीको नाउँ जिम्री थियो, जो शिमियोनका कुलको एक परिवारका मुखिया सालूको छोरो थियो। १५ त्यो मारिने मिद्यानी आइमाईको नाउँचाहिँ कोजबी थियो, जो मिद्यानको एक घरानाका मुखिया सूरकी छोरी थिई।"**

तत्कालिन इस्राएलको इतिहासमा मूर्तिपूजा गर्ने वा अपराधी संस्कार वा तत्वहरूले पोतिएका राष्ट्रहरू र इस्राएलीहरूलाई नै गरिएको भौतिक कार्यवाहीका कथाहरू पढ्दा हामीलाई असजिलो लाग्ला तर माथिको कथाले त्यस कार्यवाहीको औचित्यलाई व्याख्या गराउन सहयोग गर्दछ। इस्राएलीहरूका वरिपरि रहेका मूर्तिपूजक राष्ट्रहरूको सामु सत्य परमेश्वरको गवाही भएर खडा हुनुपर्थ्यो। यस जगतमा केवल एउटामात्र सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनेर तिनीहरूलाई सिकाउनुपर्थ्यो। तिनीहरूले उदाहरणद्वारा सत्य परमेश्वरको आराधना कसरी गर्ने र उहाँ कस्तो हुनुहुन्छ भनेर देखाउनुपर्थ्यो। तर त्यसको बिपरित तिनीहरूले तिनीहरूका वरिपरिरहेका राष्ट्रहरूको देवीदेवताहरूलाई नै अङ्गाल्न पुगे। जुन परमेश्वरको प्रतिनिधित्व भएर देखाउनुपर्ने थियो उहाँकै खुलारूपमा इस्राएलीहरूले विद्रोह गर्न थाले।

"व्यभिचारमा फस्नु" भन्ने अर्थमा प्रायजसो आत्मिक व्यभिचारमा लाग्नु भनेर बुझाउँछ। दुवै खालका व्यभिचारमा तिनीहरू लागेका थिए। पराइ देवीदेवताहरू र तिनीहरूको संस्कारमा (होशियाह ४:१२-१४) र शारीरिक व्यभिचारमा पनि तिनीहरू फसेका थिए भनेर माथिको कथाले देखाउँछ। यहाँ पतित मानव स्वभावको फाइदा सैतानले उठाएको थियो। मूर्तिपूजा गर्ने देशका चरित्रहिन स्त्रीहरूले मानिसहरूलाई आफूहरूसित यौन सम्पर्कमा आउन उक्साए वा उक्साउन दिए।

शारीरिक व्यभिचारले मानिसहरूलाई आत्मिक व्यभिचारमा पनि फसाइयो अर्थात तिनीहरू आत्मिक जीवन पनि तल्लोस्तरमा झरे। स्त्रीहरूको

मोहमा फसेर इस्राएलीहरूले पोरको बालदेवतालाई पनि ढोग्न पुगे। त्यस मानव निर्मित झुठो देवतासँग तिनीहरू आकर्षित भएर त्यसको पूजा पाठ पनि गर्न थालेको थियो (मध्यपूर्वका तत्कालिन केही राष्ट्रहरूले बाल देवतालाई सन्तानेश्वर र देवताहरूका राजा भनेर मान्दथे भनेर पुरातत्वविदहरूले पत्ता लगाएका छन्। त्यस देवताका मूर्तिहरूको भग्नावशेष भेट्टाइएको छ- अनुवादक)। ती इस्राएलीहरूलाई परमेश्वरको प्रतक्ष्य शिक्षादीक्षा र शक्तिशाली क्रियाकलापहरूलाई देखाइतापनि यौनपिपासुले कामातुर भएर परमेश्वरको विश्वासघात वा अन्तर्घात गर्न पुगेका थिए।

यस्तो किन हुन गयो? यसको जवाफ सजिलो छ। जब शारीरिक पापमा फसेर तिनीहरूको विवेकलाई कठोर पार्न पुगे तब आत्मिक विवेकको विरुद्धमा तिनीहरू कठोर भए। सैतानको लक्ष्य नै त्यही थियो, मानिसलाई आँखाको लोभ र कामबासनामा पहिला फसाउने अनि आत्मिकरूपमा अन्धा बनाइदिने। माथिको विवरण अनुसार तिनीहरू यतिसम्म गिरेकी एक जना मानिसले मिडिनाइट केटीलाई मोशा र शोक मनाउँदै रुँदै गरिरहेका मानिसहरूको शिबिरमा ल्याएको थियो। उसको त्यो चर्तिकला सबैको निम्ति आपत्तिजनक थियो।

**हामीहरूको दिमाग र शरीर एकआपससँग जोडिएको हुन्छ। एउटाले अर्कोलाई कसरी प्रभाव पार्दछ? शारीरिक अभिलाषा वा कामबासनाले मानिसहरूलाई आत्मिकरूपमा कसरी गिराउँदो रहेछ भनेर त्यसबाट हामीले के पाठ सिक्न सक्छौं?**

## ३. तिम्रो परमेश्वरसँग टाँसेर बस

पोरको बाल देवतासँग लसपस गरेर पाप गर्दा हजारौं मानिसहरूको मृत्यु भएको थियो। त्यस सन्तानेश्वर र देवताहरूका राजा भनेर मानिने पोरको बालको पछि लाग्ने सबै मानिसहरूलाई नाश गरेको थियो। तर सबै जना त्यसरी धर्मभ्रष्ट भएका थिएनन्।

**तिनीहरू को थिए त?**

**"तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ" (व्यवस्था ४:४)। पापमा फस्ने र नफस्नेहरूको बीचमा के भिन्नता थियो भनेर व्ववस्था ४:४ले बताउँछ? यहाँ पाप, प्रलोभन, आँखाको अभिलाषा, कामबासना र हाम्रो जीवनमा परमेश्वरको शक्ति हुनुपर्ने कुराको महत्त्वपूर्ण सन्देश यहाँ के पाउँछौं?**

यस पदमा उल्लेख गरिएको "सबै" र त्यसको अगाडि उल्लेख गरिएको "सबै"को बीचमा भिन्नता भएको हेर्नुहोस्। पोरको बालको पछि लाग्ने सबैलाई नाश गरेको थियो तर "तिमीहरूमा प्रत्येक जना" जो परमेश्वरसँग लागिरह्यो ती सबै जना जिवितै थिए। त्यहाँ मध्यममार्गी भन्ने थिएन। त्यसबेला पनि थिएन र अहिले पनि छैन। हामी कि त येशूको पक्षमा छौं कि त छैनौं (मत्ती १२:३०)।

"लागिरहने" भन्ने हिब्रू शब्द *डबक् dbq* हो। आफूभन्दा बाहिरसँग अति समर्पित भएर आसक्त हुनु वा टाँसिरहनु भनेर प्रायजसो त्यस शब्दले बुझाउँछ। उत्पत्ति २:२४मा त्यही शब्दको मूल प्रयोग गरिएको छ। मानिसले आफ्ना परिवारलाई छोडेर आफ्नी श्रीमतीसँग मिलिरहनु वा टाँसिरहनु भनेर त्यस पदमा जनाइएको छ (यही सन्दर्भमा रुथ १:१४ पनि पढ्नुहोस्। यही सन्दर्भमा यो शब्द व्यवस्थाको पुस्तकमा चार पल्ट देखा परेकाछन् (व्यवस्था १०:२०, व्यवस्था ११:२२, व्यवस्था १३:४ र व्यवस्था ३०:२०)। प्रत्येक पल्ट एउटै अवधारणालाई औँल्याउँछः ती मानिसहरू परमेश्वरलाई बलियोसँग समातिराख्नु, उहाँप्रति निष्ठावान भइरहनु वा उहाँसँग टाँसीरहनु भनेर बुझाउँछ। त्यसको अर्थ तिनीहरू आफूहरूलाई परमेश्वरमा सुम्पिने र उहाँबाट नै चाहिने शक्ति र बल खिँच्न सक्नु पर्दछ।

तर महत्त्वपूर्ण कुरो त के छ भने मानिसहरूले यो सम्झिनुपर्दछ कि त्यो टाँसिने वा परमेश्वरलाई पकडि राख्ने क्रियापद तिनीहरूबाटै आउनुपर्दछः उहाँसँग टाँसिने वा उहाँमा लागिरहने भाग तिनीहरूबाटै पूरा हुनुपर्दछ। परमेश्वरसँग टाँसिने वा उहाँलाई पकडि राख्ने निर्णय तिनीहरूकै हुनैपर्छ र उहाँबाट नै शक्ति र बल पाएर पापमा नफस्नुतिर लाग्नुपर्दछ।

**यहूदा २४ र १ कोरन्थी १०:३ पढ्नुहोस्। नयाँ करारमा यहाँ के बताइरहेको छ जुन् व्यवस्था १३:४मा पाइन्छ? हेर्नुहोस् "जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन" (यहूदा २४,१५) र "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने**

**बाटो पनि बनाइदिनुहुनेछ— यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ" (१ कोरिन्थी १०:१३)।**

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ; हामी पतन नहोस् भनेर उहाँले हामीलाई सामर्थ दिनुहुन्छ। तर हामी आफैले पनि स्वविवेकले निर्णय गर्नुपर्छ। पोरको बालदेवतालाई पूजा गर्नेहरूतिर नलागेर कतिपय इस्राएलीहरू परमेश्वरप्रतिमात्र निष्ठावान भएर बसेका थिए। यदि ती निष्ठावानहरूलाई परमेश्वरले सहयोग गर्नुभयो भने अहिले पनि हामी जुनसुकै परिक्षमा परेतापनि त्यसबाट हामीलाई उकास्न उहाँ सक्षम् हुनुहुन्छ।

**परमेश्वरसँग निष्ठावान भइरहनु, उहाँलाई पकडि राख्न वा उहाँसँग टाँसेर बसिरहन प्रार्थना, बाइबल अध्ययन, आराधना वा उपासना, ध्यान र सङ्गतिले कसरी सहयोग गर्दछ?**

## ४. अरू कुन राष्ट्र वा जाति त्यस्तो महान् छ र?

व्यवस्था ४:४ पछि लेखिएका केही पदहरू सबै बाइबलभरिमा तिनीहरू अत्यन्तै उल्लेखनीय र सौन्दर्य छन् अझ हिब्रू भाषामा त झन सानदार छ। अझ भन्नुपर्दा व्यवस्थाको पुस्तकको सम्पूर्ण सन्देशहरूको सार यसैमा छ र बाँकी सबै टिप्पणीहरू हुन्। जब तपाईंले ती पदहरू पढ्नुहुन्छ तब त्यहाँ उल्लेख गरिएका विभिन्न नीतिहरूलाई वर्तमान हाम्रो जीवनमा पनि कसरी लागु गराउन सक्छौं सो सोच्नुहोस्।

व्यवस्था ४:५-९ पढ्नुहोस्। **आफूले इस्राएललाई के गरे भनेर परमेश्वरले मोशाद्वारा किन भन्नुभयो? हेर्नुहोस्, "५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ? ९ तर होशियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा**

**जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ।"**

विशेष कारण वा अभिप्रायको निम्ति परमेश्वरले तिनीहरूलाई चुन्नुभएको थियो भनेर तिनीहरूले महसुस गरुन् भन्ने परमेश्वरको चाहना हो। तिनीहरू "महान् राष्ट्र वा जाति" हुन्। कल्दीहरूको देशबाट अब्रामलाई बोलाउँदा परमेश्वरले उनलाई यो वचन दिनुभएको थियो, "तिम्रो सन्तानबाट म महान् जाति वा राष्ट्र बनाउनेछु" (उत्पत्ति १२:२ रूपान्तरित, उत्पत्ति १८:१८ पनि पढ्नुहोस्)।

तर तिनीहरूलाई महान् बनाउनुको अर्थ थियो। तिनीहरूको व्यक्तिगत भाऊ बढाउन वा अरूभन्दा ठूलो जाति भनेर अरूलाई हेप्ने होइन तर तिनीहरू "पृथ्वीका सारा परिवारहरूको" (उत्पत्ति १२:३) बीचमा "आशिष" हुन (उत्पत्ति १२:२) तिनीहरूलाई चुनिएको थियो। पृथ्वीका सारा मानिसहरूले पाउने आखिरी आशिष येशू जो मसीह र तिनीहरूकै बंशबाट आउनुहुनेबाट भएतापनि उहाँ नआउँञ्जेल तिनीहरू सारा संसारमा चहकिलो ज्योति भएर चम्किरहनुपर्ने थियो। यशैया ४९:६मा यसबारे यसरी ठोकुवा गरिएको छ "उहाँ भन्नुहुन्छः “याकूबका कुलहरूलाई फेरि पुनर्स्थापन गर्न र इस्राएलको बाँकी भागलाई फेरि फर्काई ल्याउन तिमी मेरो दास हुने कुरो तिम्रो लागि अति सानो कुरो छ। पृथ्वीको पल्लो छेउसम्म तिमीले मेरो उद्धार पुऱ्याओस् भनी अन्यजातिहरूकहाँ एउटा ज्योति पनि म तिमीलाई बनाउनेछु।" तिनीहरूद्वारा मुक्ति पाउने होइन। तर तिनीहरूलाई मुक्ति दिने सत्य परमेश्वरलाई तिनीहरू ज्योति र उदाहरण बनेर चम्किन तिनीहरूलाई चुनिएको थियो।

सारा कसमोस वा जगत, स्वर्ग र पृथ्वी र त्यहाँ भएका यावत थोकहरूलाई सृष्टि गर्नुहुने परमप्रभु परमेश्वरलाई इस्राएलीहरूले आराधना र सेवा गरिरहेका थिए; मूर्तिपूजा गर्नेहरूले उहाँले सृष्टि गरेका पत्थर, रूख, प्रकृति, सैतानिक आत्माहरूलाई भगवान भनेर पूजा गरिरहेका थिए (व्यवस्था ३२:१७, भजन १०६:३७)।

### कस्तो बिल्कुल भिन्नता!

ती पदहरूमा इस्राएलीहरू विशेष हुन गएको दुई कारणहरूलाई मोशाले औंल्याएका थिए। प्रथमत, परमेश्वर तिनीहरूको माझमा वा नजिक हुनुहुन्थ्यो। पवित्रस्थानमार्फत उहाँ तिनीहरूसँग हुनुहुन्छ भनेर विशेष गरेर तिनीहरूको बीचमा उहाँको उपस्थितिको आभास् दिइएको थियो। र दोस्रोमा

तिनीहरूलाई व्यवस्था दिनुभएर उहाँको विधिविधान र ठीक न्यायप्रणालीहरू समावेश भएका थिए (व्यवस्था ४:८)।

**व्यवस्था ४:३२-३५ पढ्नुहोस्। परमेश्वरले तिनीहरूलाई के भनिरहनुभएको छ जसद्वारा तिनीहरूको बोलाहत विशेष भएको तिनीहरूले महसुस गर्नुपर्दथ्यो? हेर्नुहोस्, "३२ यस्तो महान् घटना अघि कहिल्यै घटेको वा सुनिएको थियो? पृथ्वीमा परमेश्वरले मान्छे सृष्टि गर्नुभएको आदिकालको विषयमा सोध-खोज गर। आकाशको वल्लो छेउदेखि पल्लो छेउसम्म पनि यही कुराको निधो गर। ३३ के कुनै अरू जातिले तिमीहरूले झैं आगोबाट बोल्नुहुने परमेश्वरको वाणी सुनेको छ र जीवित रहेको छ? ३४ परमप्रभुले मिश्रमा तिमीहरूका आँखाका अगि जाँच गरेर उदेकका चिन्हहरू र आश्चर्यकर्महरू देखाई युद्ध लड़ेर, आफ्नै बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर, भयानक आतङ्कद्वारा अर्को जातिबाट आफ्नो निम्ति एक जाति निर्माण गर्नुभएझैं अर्को कुन ईश्वरले यस्तै गर्न प्रयत्न गरेको छ? ३५ परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्।"**

**निःसन्देह, इस्राएलीहरूलाई परमेश्वरले कति धेरै आशिष दिनुभएको थियो। अब त्यसको प्रत्युत्तरमा तिनीहरूको भूमिका के छ?**

## ५. तिम्रो ज्ञानबुद्धि र समझसक्ति

इस्राएली राष्ट्र केवल विशेष जाति वा राष्ट्र भनेरमात्र होइन त्यो राष्ट्र परमेश्वरको वचन सुनाउन र गवाही बन्न चुनिएको थियो भनेर व्यवस्था ४:१-९मा तिनीहरूको बारेमा प्रभावकारी रूपमा व्याख्या गरेको हामीले हेर्‍यौं। ती सबै पदहरूमा यो अवधारणालाई बुनिएको छः तिनीहरूले उहाँको वचन पालन गर्नुपर्ने, उहाँलाई पछ्याउनुपर्ने र परमेश्वरले तिनीहरूलाई के आदेश दिनुभएको थियो सो पालन गर्नुपर्ने।

**व्यवस्था ४:६ फेरि पढ्नुहोस्। सारा राष्ट्रहरूको सामु तिनीहरूमा भएको ज्ञानबुद्धि र समझसक्तिमा धरोहर भएको परमेश्वरले कसरी व्यक्त गर्नुभएको छ? हेर्नुहोस्, "तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्।"**

झट्ट पहिले हेर्दा तिनीहरूलाई दिइएको बिधिविधान र न्यायप्रणालीहरूमा ज्ञानबुद्धि र समझशक्ति थिए भनेको देखिन्छ अर्थात ती

विधिविधान र न्यायप्रणालीहरू आफै ज्ञानबुद्धि वा समझशक्ति हुन भनेको जस्तो लाग्छ। तर गहिरिएर हेर्दा त्यो भनिएको छैन। हो, परमेश्वरले तिनीहरूलाई विधिविधान र उचित न्यायप्रणालीहरू सिकाउनुभएको थियो तर तिनीहरूको ज्ञानबुद्धि र समझशक्ति त्यसबाट आएका थिए जब तिनीहरूले तिनीहरूलाई पालन गर्छन् वा तिनीहरूलाई आत्मसात् गरेर व्यवहारमा उतार्छन्। तिनीहरूले गर्ने आज्ञापालन वा परमेश्वरको वचनलाई व्यवहारमा उतार्ने नै तिनीहरूको ज्ञानबुद्धि र समझशक्ति थियो।

यस संसारमा भएका वा देखेका कुनै विधिविधान र ऐनकानुन र राज्यव्यवस्था भन्दा उच्च र गजब प्रणाली इस्राएलमा हुनसक्थ्यो र थियो पनि तर तिनीहरूले पालन गरेन भने त्यस प्रणालीको अस्तित्वको अर्थ के नै हुन्छ र? तिनीहरूको ज्ञानबुद्धि र समझशक्ति अरू देशका मानिसहरूभन्दा त्यसबेला उच्च हुन्छ जब तिनीहरूको जीवनबाट परमेश्वरको व्यवस्थालाई प्रकट गर्दछ। परमेश्वरले तिनीहरूलाई दिनुभएको सत्यहरू अनुसार तिनीहरू जिउनु पर्थ्यो र तिनीहरूलाई पालन गरेरमात्रै तिनीहरू परमेश्वरको चाहना अनुसार जिउन सक्थ्यो। यदि इस्राएलले सत्यलाई पालन गरेन भने वा तिनीहरूले पाएको सत्य अनुसार जिएन भने तिनीहरूमा भएको सत्य र ज्योति तिनीहरूका वरिपरिरहेका राष्ट्रहरूको निम्ति केही मतलब हुने थिएन वा हुँदैन। त्यसकारण तिनीहरूलाई बारम्बार परमेश्वरको वचन पालन गर्न आह्वान गरिएको थियो। विधिविधान र न्यायप्रणालीहरू आफैको केही मतलब हुँदैन र संसारको अगाडि इस्राएल गवाही हुँदैन यदि ती विधिविधान र न्यायप्रणालीहरूलाई पालन गरेन भने।

"इस्राएलीहरूले परमेश्वरको व्यवस्था पालन गर्दा तिनीहरूको ठूलो समृद्धशाली हुन्थ्यो र सारा संसारका राष्ट्रहरू चकित भएर तिनीहरूलाई हेर्दथे। परमेश्वरले तिनीहरूलाई ज्ञानबुद्धि र शिपहरू निरन्तररूपमा दिनुहुन्थ्यो र सारा संसारको निम्ति तिनीहर शिक्षक हुन्थ्यो। तिनीहरूले परमेश्वरको व्यवस्थालाई पालन गरेर त्यसको गरिमालाई उचालिन्थ्यो र सारा राष्ट्रहरूको सामु त्यो आदर्शरूपमा खडा हुन्थ्यो। परमेश्वरको व्यवस्थालाई पालन गर्दा अरू राष्ट्रहरूलाई दुःख दिएका विभिन्न रोगव्याधी र महामारीहरूबाट तिनीहरूलाई सुरक्षित राखिन्थ्यो र तिनीहरूको बौद्धिक स्तर तेजिलो हुन्थ्यो। तिनीहरूको सम्पन्न वा फलिफाप जीवनले परमेश्वरको महिमा उहाँको राजकीय गरिमा र शक्तिलाई प्रकट गरिन्थ्यो। तिनीहरू पुजारी र राजकुमारहरूको राज्य हुन्थ्यो। यस पृथ्वीमा इस्राएल सबभन्दा महान् राष्ट्र हुनुमा चाहिने प्रत्येक ज्ञान, क्षमता,

सहुलियतलाई परमेश्वरले जुटाउनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, *क्राइष्ट अबजेक्ट लेसनस्,* पृ. २८८बाट रूपान्तरित।

**मत्ती ५:१३-१६ पढ्नुहोस्। ती पदहरूद्वारा येशूले हामीलाई के भनिरहनुभएको छ जसले पौराणिक इस्राएललाई पनि उहाँले भन्नुभएकोलाई प्रतिविम्बित गर्दछ? हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले ती उपदेशहरूलाई कसरी व्यवहारमा उतार्ने?**

## उपसंहारः

"स्वर्गमा भएको महान् विवादको सुरुदेखिनै परमेश्वरको व्यवस्थालाई फ्याँकिदिने सैतानको लक्ष्य थियो। त्यही काम सम्पन्न गर्न सृष्टिकर्ता परमेश्वरको खिलापमा उसले विद्रोह गऱ्यो। उसलाई स्वर्गबाट फ्याँकिदिएतापनि त्यही युद्धलाई यस संसारमा उसले निरन्तरता दिइरहेको छ। मानिसहरूलाई धोखा दिन र परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गराउने लक्ष्य लिएर सैतानले भयङ्कर प्रयास गरिरहेको छ। चाहे पूरै दश आज्ञाहरूलाई मानिसहरूबाट पन्छाएर हुन्छ कि तिनीहरूमा एउटा आज्ञालाई पन्छाउन दिएर हुन्छ त्यस काममा सैतान युद्धस्तरमा लागिरहेको छ। चाहे एउटा आज्ञालाई उल्लङ्घन गरेको होस् वा सबै आज्ञाहरूलाई उल्लङ्घन गरेको होस् त्यसको नतिजा एउटै हुन्छ। एउटा आज्ञालाई अस्वीकार गर्नु भनेको सबै आज्ञाहरूलाई अस्वीकार गरेको ठहर्छ। नौवटा आज्ञा पालन गरेर एउटा आज्ञालाईमात्र तोड्ने किननहोस् त्यो व्यक्तिको प्रभाव र उदाहरणले परमेश्वरको व्यवस्थालाई तोड्ने समूहमा गनिनेछ किनभने सबै आज्ञाहरू तोडेको दोष उसमाथि लादिनेछ। याकूब २:१०।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५८२बाट रूपान्तरित।

पोरको बालदेवताको बारेमा एलेन जी ह्वाइटले यो लेख्नुहुन्छः "तिनीहरू निषेधित क्षेत्रमा सुरो भएर गए र तिनीहरू सैतानको पासोमा परे। परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूको सङ्गित र नाचगानमा तिनीहरू मुग्ध भए, त्यहाँ भएको रङ्गिचङ्गी र तडकभडक, झकिझाउहरूप्रति तिनीहरू आकर्षित भए अनि तिनीहरूले यहोवाप्रतिको निष्ठा र भक्तिभावलाई नाङ्गोरूपमा फ्याँकिदिए। जब तिनीहरू भोजभतेरको रमाइलोमा परमेश्वरलाई विश्वास नगर्नेहरूसँग एक भए तब रक्सी आदि पिएर मात्तिए र तिनीहरूको सोच्ने दिमागलाई नै अन्धकार बनाइदिए। त्यसले गर्दा आत्मनियन्त्रणको पर्खालहरूलाई तिनीहरूले तोडे। तिनीहरूलाई जोस र कामवासनाले नियन्त्रण गरे; तिनीहरूको विवेकलाई

कामुकतामा सुम्पिएर अश्लिल क्रियाकलापमा लागे। तिनीहरूलाई लठ्ठ पारेर देवीदेवताहरूको अगाडि झुक्न लगाइयो। ती देवीदेवताहरूका वेदीहरूमा बलिहरू चढाए र तिनीहरू अत्यन्तै निच, पतित र घृणित विधि तथा रितिरिवाजहरूमा भाग लिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ४५४बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **पौराणिक इस्राएलको ठाउँमा हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई राखिएको सोच्नुहोस्। हाम्रा वरिपरिरहेका संसार र चर्चहरूमा दिएका शिक्षादीक्षाहरू विपरित हामीले पाएका शिक्षादीक्षाहरूलाई सोच्नुहोस्। हामीले पाएका ती सत्यहरूलाई कसरी उपयोग वा उपभोग गरिरहेकाछौं त्यो हाम्रो जिज्ञासाको विषय हुनुपर्दछ। संसारको अगाडि हामीले पाएका ज्ञानबुद्धि र समझशक्तिलाई कसरी प्रस्तुत गरिरहेकाछौं?**

**आ.** **"तिमीहरू जो परमेश्वरसँग टाँसिएर बसे तिमीहरू सबै अहिले जिउँदैछौ।" कसले कोसँग टाँसिने भन्ने कुरालाई सोच्नु जरुरी छ। परमेश्वर हामीसँग टाँस्नुहुन्न वा हाम्रो अनुमति बेगर उहाँ हामीसँग जबरजस्ती रहनुहुन्न। तर परमेश्वरले हामीलाई दिनुभएको आत्मनिर्णयको पवित्र उपहारलाई प्रयोग गरेर हामी उहाँसँग टाँसिरहनुपर्दछ। जब हामीले उहाँमा नै लागिरहने निर्णय गर्छौं त्यसलाई कायम राख्न के गर्नुपर्छ?**

**इ.** **परमेश्वरका आज्ञाहरूलाई थपघट गर्नु भनेको के हो? फेरि सोच्नुहोस्। साबथलाई परिवर्तन गर्न खोज्नु प्रतक्ष्य त छ नै। तर ती वाहेक हामीले थाहै नपाइकन व्यवस्थाका अरू आज्ञाहरू तोडिरहेकोप्रति हामी कसरी संवेदनशील हुने वा सजग हुने?**

## कथा ६
## तरिकारी भात भएको सुसमाचार
## सारा, १४, जापान



सारा प्रत्येक सारा साबथ जापानको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान्छिन्। उनी एडभेन्टिस्ट होइन न त उनको परिवार। उनको परिवारमा कसैले पनि येशूप्रति आस्था राख्दैन।

तर उनी प्रत्येक साबथ चर्चमा जानुको एक कारण छ। उनी बालबालिकाहरूको निम्ति चर्चको परिसरमा खोलेको रेस्टुरेन्टमा खानलाई जान्छिन्। १४ वर्षकी किशोरी जापानी परिकार सुसी खान मन पराउँछिन्। साबथमा दिने खाना खान उनको बिशेष रुची थियो। त्यस दिन त्यस रेस्टुरेन्टले तरकारी मिसिएको भात बालबालिकाहरूलाई ख्वाउँछ। जापानका स्कूलका केटाकेटीहरूमा यस खाना लोकप्रिय छ। खाना खाएपछि साराले अरू बालबालिकाहरूसँग मिलेर बाइबलका कथाहरू सुन्छिन्, गीत गाउँछिन्, र खेलहरू खेल्छिन्। सारा ६ वर्षको उमेरदेखि नै चर्च आउन थालेकी थिइन्। उनको बाबु थिएन र उनको आमाले उनलाई प्रत्येक हप्ता चर्चमा पठाउँछिन्, किनकि त्यहाँ उनले स्वस्थ खाना खाना पाउँछिन्। सारा र उनकी आमा खास गरेर गरिब त थिएन। जापानलाई प्रायजसो धनी देशकोरूपमा चिनिन्छ। तर सरकारको आर्थिक नीति र विश्वव्यापारीकरणले गर्दा हुने र नहुनेको बीचमा ठूलो खाडल बन्दै थियो। त्यसको अर्थ गरिब मानिसहरू कङ्गाल छन् भन्न खोजेको होइन, जहाँ बालबालिकाहरू खान नपाएर मर्छन्। बरू धनाढ्य परिवार र काम कमाइ भएका परिवारहरूको बीचको जीवनस्तरमा फाटो छ। त्यसले गर्दा कम जीवनस्तर भएका बालबालिकाहरू आफूहरू गरिब भएको महसुस गर्दछन्। जापानमा सात जना बालबालिकाहरूमा एक जना त्यस स्थितिमा रहेको पाइन्छ। यस किसिमको गरिबपनाले एक जनामात्र बाबु की आमा भएको परिवारलाई धेरै असर परेको हुन्छ। साराकी आमा पनि एक्लै भएको कारणले छोरीलाई अरू जस्तो धनी केटाकेटीहरू सरह उनले सहयोग गर्न सकेको थिएन। यस खालका परिवारहरूले आफ्ना छोराछोरीहरूलाई उचित खाना दिन सक्दैनन् र स्कूलको अतिरिक्त कार्यक्रमहरूमा पठाउन सक्दैनन्, जस्तै सङ्गित कक्षा वा खेलकुद। केटाकेटीहरूलाई होमवर्कमा सहयोग गर्न बाबु की आमाको समय पनि हुँदैन र

धनीले जस्तै आफ्ना छोराछोरीहरूलाई ट्युशन पढाउन शिक्षकहरूलाई पैसा दिन सक्दैनन्।

आफ्नो समुदायमा गरिबीको मारमा परेका बालबालिकहरू भएको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले महसुस गरेकोले प्रत्येक साबथ तिनीहरूलाई खाना ख्वाउन थालेका थियो र अरू दिनहरूमा तिनीहरूलाई सित्तैंमा ट्युशन पनि दिन थालेको थियो। एक दिन बृहत टोकियोको एक सहर काशिबाको नगरपालिकाले गरिब केटाकेटीहरूलाई ख्वाउने जिम्मा लिने संगठनहरूलाई सहयोग गर्ने निर्णय गरेको थियो। त्यस सहरमा ४१०,००० मानिसहरू छन्। त्यस्तो खाना खुवाउने कुनै संगठन छ भने नगरपालिकालाई आवेदन दिन सूचना निकाल्यो। त्यसमा एडभेन्टिस्ट चर्चले पनि आवदेन दियो, जसको फलस्वरूप त्यस चर्चले निरन्तररूपमा सरकारबाट त्यस कार्यक्रमको निम्ति आर्थिक अनुदान पाइरहेको छ। चर्चका सदस्य र स्वयंसेवकहरूको सहयोगले प्रत्येक साबथ दशदेखि तीसजना बालबालिकाहरूले त्यहाँ खान पाउँछन्।

जब छ वर्षकी सारा पहिलोपल्ट चर्चमा खान र अरू बालबालिकाहरूसँग खेल्न आइन्, तब उनी लजाएकी थिइन्। तर खाना र बाइबलका क्रियाकलापहरू उनलाई मन परेको थियो। चर्चका सदस्यहरूले उनलाई राम्रोसँग व्यवहार गरेकोले उनी प्रत्येक साबथ चर्चमा आउन थालेकी थिइन्। जब उनी ठूली भइन् तब अपरान्हमा हुने बालबालिकाहरूको निम्ति गरिने कार्यक्रमहरूमा सघाउन थालिन्। अनि एकदिन चर्चको समर क्याम्पमा उनी पनि संलघ्न हुन उनले निम्तो पाइन्। त्यस क्याम्पमा उनले आफ्नो हृदय येशूलाई सुम्पिन्। जब उनी आफ्नो घर फर्केर आइन् आफ्नो आमाले आफूले येशूको विश्‍वासी भएको खबर दिइन्। उनको आमा उनीदेखि रिसाइन्।

"अरूले भनेर होइन ठूलो भएर आफैले निर्णय गर्न सक्नेभएपछिमात्र येशूलाई विश्‍वास गर्ने हो कि होइन निर्णय गर्नुपर्छ। त्यसबेलासम्म तिमी पर्खिनुपर्छ," आमाले भनिन्। त्यसको अर्थ बप्तिस्मा लिन सारा अरू चार वर्ष पर्खिनु पर्छ। जापानी कानुन अनुसार, कुनै पनि बालबालिका १८ वर्ष नपुगुञ्जेल बाबुआमाको अनुमतिले बाहेक आफैले निर्णय गर्न सक्दैन। सारा अहिले १४ वर्षकी छिन्। आमाको कुरा सुनेपछि चर्चका सदस्यहरू दुःख मानेका थिए, तर तिनीहरू छक्क परेको थिएन। इसाई नभएको बाबु कि आमाले त्यस्तो आज्ञा दिनु कुनै नौलो थिएन।

*सारा र उनकी आमाको निम्ति प्रार्थना गर्नुहोस्।*

**-यासुकी मियामोटो**